मोफसलमा सर्वाधिक बिक्री हुने

नेपाल सरकारद्वारा निरन्तर राष्ट्रियस्तरको 'क' वर्गमा सूचीकृत

राष्ट्रिय दैनिक

मेचीकाली

सन्देश

Mechikali Sandesh National Daily

ग्राहक महानुभावमा अनुरोध

- यहाँहरुको घरमा नियमित पत्रिका नआएमा ।
- समयमै पत्रिका प्राप्त नभएमा ।
- ग्राहक बन्नु परेमा ।
- विज्ञापन दिनु परेमा ।

मेचीकाली सन्देश राष्ट्रिय दैनिक
बुटवल-५, मिलनचोक, रुपन्देही
फोन: ०७१-५३६००५

विश्व उपभोक्ता अधिकार दिवस भव्यरूपमा मनाऔं

स्वच्छ ऊर्जा मार्फत
उपभोक्ता सशक्तीकरण ना राका साथ
विश्व उपभोक्ता अधिकार दिवस मनाऔं ।
उपभोक्ताको स्वच्छ र गुणस्तरीय वस्तु वा
सेवा उपभोग अधिकारको
सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

■ वर्ष-२३ ■ अंक-५२ ■ २०७९ चैत्र ३ गते शुक्रबार ■ 17 March- 2023 Friday ■ पृष्ठ ४ ■ मूल्य रू. ६।-

नेपाल विश्वकप छनोटमा

बुटवल, चैत २ (मेसस) । नेपालले आइसिसी विश्वकप लिग-२ त्रिकोणात्मक ओडीआई सिरिजमा युएईलाई हराउँदै जित हासिल गरेको छ । बिहीबार काठमाडौंको त्रिवि क्रिकेट मैदानमा भएको खेलमा 'ब्याड लाइट' का कारण डीएल (डकवर्थ लुइस) नियमअनुसार नेपालले ९ रनको जित हासिल गरेको हो । योसँगै नेपालले आगमी जुन-जुलाईमा जिम्बावेमा हुने एकदिवसीय विश्वकप छनोटमा सिधैं स्थान बनाएको छ ।

जितको लागि ३ सय ११ रनको विशाल विजयी लक्ष्य पछ्याएको नेपालले ४४ ओभरमा ६ विकेट गुमाउँदै २ सय ६९ रन बनाउँदा खेल रोकिएको थियो । ब्याड लाइटको कारण खेल डकवर्थ लेविस पद्धतिको आधारमा नेपालले जितेको हो । अम्पायरले खेल रोक्दै बेल झारेका थिए ।

युएईका खेलाडीले भने असन्तुष्ट जनाएका थिए । त्यसपछि नेपाली खेलाडीले खुसीयाली मनाउन थालेका थिए ।

नेपालको जितमा गुलशन झा ४८ बलमा ४ चौका र २ छक्कासहित ५० रनमा क्रिजमा रहे । दीपेन्द्र १० रनमा अविजित रहे । गुलशनले ४२ औं ओभरमा गुलशन झाले मोहम्मद वासिमलाई तीन चौका र एक छक्का हान्दै कूल २० रन जोडेपछि खेलले नयाँ मोड लिएको थियो ।

नेपालका भीम सार्की ७६ बलमा ९ चौकासहित ६७ रनमा आउट भए । भीमको यो ओडीआई करिअरको दोस्रो अर्धशतक हो । भीम तीव्र गतिका बलर जुनैद सिद्दिकको ३१ औं ओभरको अन्तिम बलमा भीम सार्की एलबीडब्लू आउट भए ।

पाँचौं विकेटका लागि भीम र आरिफले ८३ रनको साझेदारी गरेका थिए । कुशल मल्ल जुनैद सिद्दिकको बलमा आर्यन लाक्राबाट ५ रनमा क्याच आउट भए । चोभार एण्डतर्फ आयनको बलमा सट खेलेका कप्तान रोहित पौडेल मोहम्मद वासिमबाट १६ रनमा क्याच आउट भए । वासिमले मिडअनमा उत्कृष्ट क्याच लिएका थिए । कुशल भुर्तेल ३५ बलमा ३ चौका र ४ छक्कासहित ५० रनमा क्याच आउट भए । कुशल तीव्र गतिका बलर जुनैद सिद्दिकको १७ औं ओभरको तेस्रो बलमा एज लागेर विकेटकिपर अश्वन्त वल्थापाबाट सहज क्याच आउट भए । कुशलको यो ओडीआई करिअरको पाँचौं अर्धशतक हो । भीम सार्कीसँग कुशलले चौथो विकेटका लागि ६१ रनको साझेदारी गरेका थिए ।

आरिफ शेख ६२ बलमा २ चौकासहित ५२ रनमा क्याच आउट भए । आरिफ जहुर खानको ४० औं ओभरको पहिलो बलमा वृत्य अरविन्दबाट लङअनमा क्याच आउट भएका थिए । युएईका जुनैद्ध सिद्दिकले सर्वाधिक तीन विकेट लिए । आयन खानले दुई र जहुर खानले एक विकेट लिए ।

त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको युएईले निर्धारित ५० ओभरमा ६ विकेट गुमाउँदै ३ सय १० रन बनाएको थियो । ओडिआईमा नेपालविरुद्ध विपक्षी टोलीले बनाएको यो हालसम्मकै उच्च योगफल हो । यसअघि २०२२ मा पपुवा न्युगिनीले नेपालविरुद्ध त्रिवि मैदानमै ५० ओभरमा ८ विकेट गुमाउँदै २ सय ९२ रन बनाएको थियो ।

युएईका आसिफ खानले ४२ बलमा ४ चौका र ११ छक्कासहित १ सय १ रनको विष्फोटक अविजित शतकीय इनिङ खेले पनि टोलीको हार टार्न सकेनन् । आसिफ खानले ४१ बलमा शतक पूरा गरेका थिए । वृत्य अरविन्द १ सय ३८ बलमा ८ चौका र २ छक्कासहित ९४ रनमा आउट भए । वृत्य सोमपाल कामीको अन्तिम बलमा वृत्य काउकर्नरमा दीपेन्द्रसिंह ऐरीबाट क्याच भएपछि शतक बनाउन चुकेका थिए । छैटौं विकेटका लागि वृत्य र आसिफले १ सय ३५ रनको विष्फोटक शतकीय साझेदारी गरेका थिए ।

४४ ओभरमा युएई २०८-५ को अवस्थामा थियो । अन्तिम ३६ बलमा १ सय २ रनको विष्फोटक साझेदारी गरे । स्पिनर सन्दीप लामिछानेले १७ औं ओभरको दोस्रो बलमा वासिमलाई ६३ रनमा एलबीडब्लू आउट गर्दै नेपाललाई दोस्रो सफलता दिलाए । वासिमले ४९ बलमा २ चौका र ६ छक्का प्रहार गरे ।

दोस्रो विकेटका लागि कप्तान मोहम्मद वासिम र वृत्यले ७९ रनको साझेदारी गरेका थिए । २३ औं ओभरको अन्तिम बलमा सिपी रिजवान आफ्नै गल्तीको कारण ७ रनमा रन आउट भए । दीपेन्द्रको २७ औं ओभरको पहिलो बलमा ठूलो सट खेलेका आयन खान चोभार एण्डको लङअनमा गुलशन झाबाट क्याच आउट भए । दीपेन्द्रसिंह ऐरीले रोहन मुस्तफालाई २० रनमा एलबीडब्लू आउट गरे । मुस्तफाले ३२ बलमा ३ चौका प्रहार गरे ।

नेपालका स्पिनर ललितनारायण राजवंशीले १० ओभरमा २७ रन खर्चेर १ विकेट लिए । दीपेन्द्रसिंह ऐरीले ८ ओभरमा २ मेडनसहित १९ रन खर्चेर २ विकेट लिए । सन्दीप लामिछानेले १० ओभरमा ८० रन खर्चेर १ विकेट लिए । सोमपाल कामीले ९ ओभरमा १ मेडनसहित ७४ रन खर्चेर १ विकेट लिए ।

जिम्बावेमा आगमी जुन जुलाईमा हुने छनोटमा कुल १० टोली हुन्छन् । विश्वकप छनोटमा सुपर लिग-२ का पुछारका पाँच टोली, लिग २ का शीर्ष तीन टोली नेपाल, ओमान र स्कटल्यान्ड र प्लेअफ क्वालिफायरमा शीर्ष दुई टोली गरि कुल १० टोली हुनेछन् । नेपाल आइसिसी विश्वकप लिग-२ को शीर्ष तीनमा पर्दै सोझै विश्वकप छनोटमा स्थान बनाएको हो । नेपाल ३६ खेलमा ४० अंकका साथ तेस्रो स्थानमा रह्यो । नामिबिया ३६ खेलमा ३९ अंकका साथ चौथो स्थानमा रह्यो ।

जिम्बावेमा हुने छनोटमा कुल १० टोलीलाई दुई समूहमा विभाजन गरिनेछ । जसबाट हरेक समूहबाट शीर्ष तीन तीन टोली सुपर सिक्समा स्थान बनाउँछन् । सुपर सिक्समा एक अर्कासँग खेलेपछि शीर्ष दुईमा रहने टोली विश्वकपमा पुग्नेछन् । शीर्ष दुई टोलीले आगमी अक्टोबर नोभेम्बरमा भारतमा हुने एकदिवसीय विश्वकप खेल्न पाउनेछन् । भारतमा हुने विश्वकपमा कुल १० टोली सहभागीता हुनेछ । विश्वकप लिगको आधारमा हुनेछ ।

अंक तालिका

स्कटल्यान्ड ३६ खेलमा २४ मा जित र १० मा हारका साथ ५० अंकका साथ शीर्ष स्थानमा रहँदै च्याम्पियन बन्दै सोझै विश्वकप छनोटमा पुगेको छ । ओमान ३६ खेलमा २१ मा जित र १३ मा हारसहित ४४ अंकका साथ दोस्रो स्थानमा रहँदै विश्वकप छनोटमा पुगेको छ ।

नेपाल ३६ खेलमा १९ मा जित र १५ मा हारसहित ४० अंकका साथ तेस्रो स्थानमा रहँदै सोझै विश्वकप छनोटमा स्थान बनायो । नामिबिया ३६ खेलमा १९ मा जित र १६ मा हारका साथ ३९ अंकका साथ चौथो स्थानमा रह्यो ।

अमेरिका ३६ खेलमा १६ मा जित र १७ मा हारसहित ३५ अंकका साथ पाँचौं स्थानमा छ । युएई ३६ खेलमा १५ मा जित र १८ मा हारसहित ३३ अंकका साथ छैटौं स्थानमा रह्यो । पपुवा न्युगिनी ३६ खेलमा ५ मा जित र ३० मा हारसहित ११ अंक जोड्दै पुछारमा रहेर अन्त्य गऱ्यो ।

उपराष्ट्रपतिको निर्वाचन आज

काठमाडौं, चैत २ । उपराष्ट्रपति पदको निर्वाचनको आज हुँदैछ । निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ । नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा शुक्रबार उपराष्ट्रपतिका लागि मतदान हुँदैछ । संसद् भवनको ल्होत्से हलमा दुई मतदान केन्द्रको व्यवस्था गरिएको छ । बिहान १० देखि अपराह्न ३ बजेसम्म मतदानको व्यवस्था मिलाइएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । 'निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ,'सहायक निर्वाचन अधिकृत अमृताकुमारी शर्माले भनिन्,'मतपत्र पनि केन्द्रमा आइसकेको छ ।' संघीय संसद्का सदस्य र प्रदेशसभा सदस्यका लागि छुट्टाछुट्टै मतदान केन्द्रको व्यवस्था गरिएको छ । संघीय संसद्का सदस्यले संसद् भवनको मूल गेटबाट प्रवेश गरेर मतदान गर्नेछन् भने प्रदेशसभाका सदस्यले बगैंचातर्फको हरियो गेटबाट प्रवेश गरेर मतदान गर्ने व्यवस्था मिलाइएको उनले जानकारी दिइन् ।

निर्वाचन आयोगले उपराष्ट्रपति निर्वाचन, २०७९ का लागि दुई प्रकारको मतपत्रको व्यवस्था गरेको छ । संघीय संसद्का सदस्यले मतदान गर्ने प्रयोजनका लागि रातो मसी र प्रदेशसभा सदस्यले मतदान गर्ने प्रयोजनका लागि हरियो मसीले मतपत्र छपाइ गरिएको छ । मतपत्रमा उम्मेदवारको तस्बिर र नाम समावेश गरिएको छ । उपराष्ट्रपतिको निर्वाचनमा अष्टलक्ष्मी शाक्य (बोहरा), प्रमिला कुमारी, ममता झा र रामसहायप्रसाद यादव गरी चार उम्मेदवार छन् ।

संघीय संसद् र प्रदेशसभाका सदस्यले मतपत्रमा रहेका कुनै एक उम्मेदवारको तस्बिर र नाम अङ्कित रहेको कोठामा स्वस्तिक छाप लगाई मत सङ्केत गर्नुपर्नेछ । उपराष्ट्रपतिको निर्वाचनमा संघीय संसद् र प्रदेशसभाका सदस्य मतदाता रहेका छन् । संघीय संसद् सदस्यको मतभार ७९ र प्रदेशसा सदस्यको मतभार ४८ रहेको छ ।

मतदान सम्पन्न भएलगत्तै मतगणना सुरु गर्ने तयारी गरिएको सहायक निर्वाचन अधिकृत शर्माले जानकारी दिइन् । 'मतदानपश्चात् तत्काल मतगणना हुन्छ,'उनले भनिन्,'साँझ ६ बजेसम्म निर्वाचन परिणाम सार्वजनिक गर्ने तयारी गरेको छौं ।' उपराष्ट्रपतिको निर्वाचनमा संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) का सदस्य र प्रदेशसभाका सदस्य मतदाताका रुपमा रहेको छन् । उपराष्ट्रपतिको निर्वाचन संघीय संसद्का सदस्य र प्रदेशसभा सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ । संघीय संसद्का तीन सय ३२ र प्रदेशसभाका पाँच सय ५० सांसदले मात्र निर्वाचनमा मतदान गर्न पाउँछन् । नेपालको संविधानको धारा ६७ मा नेपालमा एक उपराष्ट्रपति हुने व्यवस्था गरिएको छ । राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्य उपराष्ट्रपतिबाट सम्पादन गरिने संविधानमा उल्लेख छ ।

(बाँकी ४ पेजमा)

बुटवल-नारायणगढ सडक

शिलान्यासको चार वर्षमा कालोपत्र सुरु

कावासोती, चैत २ । शिलान्यासको चार वर्षपछि पूर्वपश्चिम बुटवल-नारायणगढ सडकको पूर्वी खण्डको कावासोती क्षेत्रमा कालोपत्रको काम सुरु भएको छ । नारायणगढ बाट ३० किलोमिटर पश्चिममा रहेको कावासोती र लोकाहाबीचको जंगल क्षेत्रमा पाँच सय मिटर सडकमा कालोपत्र गरिएको छ । गत २०७५ चैत ८ गते शिलान्यास भएको पूर्वपश्चिम जोड्ने मुख्य राजमार्गको यसअघि पूर्वी खण्डको हर्कपुर र पश्चिम खण्डको भुमहीमा कालोपत्रको परीक्षण गरिएको थियो । कावासोतीदेखि लोकाहासम्मको चार किलोमिटर सडक एक साताभित्र कालोपत्र गरिसक्ने आयोजनाका प्रोजेक्ट म्यानेजर राकेश झाले बताए । उनका अनुसार राजमार्गको उत्तरतर्फको साढे सात मिटर फराकिलो सडकमात्र पहिलो चरणमा कालोपत्र गरिएको हो । 'बुधबार गरिएको कालोपत्र छ सेन्टिमिटर बाक्लो छ, दोस्रो चरणमा चैत मसान्तभित्र त्यसमाथि थप चार सेन्टिमिटर बाक्लो कालोपत्र थपिने छ,' उनले भने ।

कावासोतीको लोकाहादेखि पश्चिम केरुङ्गेखोलासम्मको क्षेत्र कालोपत्र गर्न थप एक लाख घनमिटर ग्राभेल आवश्यक पर्ने भएकाले निर्माण कम्पनी चाइना स्टेट इन्जिनियरिङ कर्पोरेसन र कावासोती नगरपालिकाबीच ग्राभेल खरिदको सम्झौता सम्पन्न भएको जानकारी दिँदै झाले कावासोतीको लोकाहादेखि पश्चिम केरुङ्गेखोलासम्मको सडक चैतभित्र कालोपत्र गरिने बताए ।

फागुन मसान्तसम्म सडक विस्तारको कार्य प्रगति २६ प्रतिशतमात्र भएको सडकको निर्माण कम्पनी चाइना स्टेट इञ्जिनियरिङ करपोरेशनले गैंडाकोटको नारायणी नदी पुलदेखि बुटवलसम्म एक सय १५ किलो मिटर सडक बस्ती क्षेत्रमा छ लेन र जङ्गल क्षेत्रमा चार लेन तथा दाउन्नेमा तीन लेन विस्तार गर्ने गरी एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा कुल रु.१६ अर्ब ९९ करोड ५२ लाख लागतमा राजमार्गको विस्तार गरिरहेको छ । लागतको ८५ प्रतिशत रकम एडिबीले ऋण उपलब्ध गराएको छ भने बाँकी सरकारकै लगानीमा काम हुने आयोजनाले जनाएको छ । एडिबीले एक दशमलव पाँच प्रतिशत ब्याजदरमा ३२ वर्षमा चुक्ता गर्ने गरी ऋण उपलब्ध गराएको हो । साढे तीन वर्षमा सडक निर्माणको काम सक्ने र पाँच वर्षसम्म निर्माण कम्पनीले नै मर्मतको काम गर्ने गरी सम्झौता भएपछि विसं.२०७५ चैत ८ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेका थिए ।

सम्पादकीय

निर्यात प्रवर्द्धनमा चासो बढाऔं

मुलुकको आर्थिक अवस्था एकदमै कमजोर छ। आर्थिक मन्दीले हरेकको भान्सासम्मै प्रभावित बनाएको अवस्था छ। आयात बढिरहने र निर्यात कमजोरको अवस्थामा छ । अत्यावश्यक उद्योगहरूको वर्गीकरण गरी ती वर्गमा पर्ने सबै उद्योगका सबै क्रियाकलापलाई अनन्तकालीन सर्वकर छुटको व्यवस्था गर्ने र उत्पादकत्व वृद्धिका कार्यक्रमहरु बनाउन जरुरी छ । यसका साथै करहरूलाई अकर गरी मुलुकलाई उद्योगमा आत्मनिर्भर बनाउने नीति नेपालले लिच्छवीकालदेखि नै लागू गर्दै आएको छ।

यसअघिको केपी ओली नेतृत्वको सरकारले सातै प्रदेशमा नयाँ औद्योगिक क्षेत्र स्थापना गर्ने र त्यहाँबाट उत्पादित सामानलाई विदेशमा निर्यात गर्ने लक्ष्य लिँदै काम सुरु गरेको थियो । तर, राजनीतिक अस्थिरताले यी कार्यक्रम फेरि प्रभावित भए। सार्वजनिक र निजी क्षेत्रका बीचमा सहकार्यका साथ काम अगाडि बढाउन जरुरी छ। अहिलेको सरकारले यसलाई चासो दिनुपर्छ।

आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका लागि पहिलो पटक प्रधानमन्त्री भएकै बेलामा केपी ओलीले यसप्रकारको युगीन महत्वको योजना अगाडि सार्नुभएको थियो। यसलाई साकार पार्ने र व्यवहारिक रुपमै काम अगाडि बढाइएको थियो । तर, विडम्बना सरकारलाई अपदस्त गरियो । विकासको गतिलाई प्रभावित बनाउन र कतिपयले शिलान्यास रोक्न ढुङ्गामुढा लिएर विरोधमा उत्रिएका घटना बुटवलमै भए। मोतिपुरमा त्यसबेलामा भएको ताण्डव विरोधको एउटा ताजा दृष्टान्त थियो। यसप्रकारको गलत सोंच र शैलीले मुलुक अगाडि बढ्दैन । हामी हरेक नागरिकमा पनि देशप्रतिको जिम्मेवारी बोध हुनुपर्छ, कर्तव्यबोध गर्नुपर्छ।

कृषिजन्य (खाद्यान्न, तरकारी, दुग्धपदार्थ, दाल, तेल, चिनी), इन्धन, अत्यावश्यक उद्योग (औषधी) मा मुलुकलाई सदैव आत्मनिर्भर बनाउने दीर्घकालीन सोचका साथ सरकारले नीति र कार्यक्रमहरू बनाइरहेको छ । जुन अत्यावश्यक छ । नेपाललाई आत्मनिर्भर बनाउनका लागि र संकल्प गरिएको 'समृद्ध नेपाल : सुखी नेपाली' को राष्ट्रिय नारालाई साकार पार्नका लागि सबै क्षेत्र केन्द्रित हुनुपर्ने छ। वर्तमान प्रधानमन्त्री ओलीको सपना साकार पार्न उपर्युक्त पक्षमा सबैको ध्यान जानु नै आजको आवश्यक हो। विडम्बना नै मान्नुपर्छ यस्तो दूरदर्शी सोंचको प्रधानमन्त्रीलाई कामै गर्न नदिने उहाँकै पार्टीका कतिपय नेताहरुमा गलत सोंच छ। ती नेताहरुमा चाँडै बुद्धि पलाउन सकोस्। सधैंको राजनीतिक अस्थिरताले मुलुक बन्दैन।

आप्रवासी कामदार पुनः एकीकरण कार्यक्रम बारे

सोम लुइँटेल

२१ लाखभन्दा बढी नेपाली कामदार विदेशमा रहेको भए पनि कति कामदार फर्किए र फर्किएका कति कामदार विदेश गए भन्ने तथ्याङ्क नेपालसँग छैन। कोभिड-१९ को परिस्थितिमा कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको २०७८ भदौ ३० सम्मको तथ्याङ्कअनुसार कोभिड-१९ का कारण असहज परिस्थितिमा विदेशमा अलपत्र ५ लाख ७२ हजार ५७१ नेपाली नागरिक स्वदेश फर्किएका थिए।

वैदेशिक रोजगार ऐन, २०६४ ले विदेशबाट फर्केका कामदारको पुनःएकीकरणबारे व्यवस्था गरे पनि कोभिड-१९ का कारण ठूलो संख्यामा कामदार उत्पत्तिको मुलुक फर्किएकाले पुनःएकीकरणको मुद्दा प्रबल भएको हो । नेपाल सरकारले बहुप्रतीक्षित वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिकामा २०७९ जारी गरी पुनःएकीकरणको बहस अघि बढाए पनि निर्देशिकाको व्यवस्था हेर्दा यसले पुनः एकीकरणको मागलाई सम्बोधन गर्न सक्ने अवस्था छैन।

पुनःएकीकरण निर्देशिकाले समेट्ने कार्यक्रमहरू

निर्देशिकाले पुनःएकीकरण कार्यक्रमलाई तीन प्रकारमा उल्लेख गरेको छ । ती हुन् : सामाजिकीकरण, रोजगारीमा आबद्धता र उद्यमशीलता प्रवर्द्धन । यसअन्तर्गत सामाजिक मेलमिलाप, मनोसामाजिक परामर्श, नेतृत्व विकास, सामाजिक सञ्जाल निर्माण, स्वयंसेवक परिचालन, सीप परीक्षण, व्यावसायिक तालिम, रोजगारी सहजीकरण, वित्तीय साक्षरता, स्वउद्यम कार्यक्रम, अनुदान तथा सहुलियतपूर्ण कर्जा र बजार व्यवस्थापन समावेश छन्।

कार्यक्रम सञ्चालन तरिका

वैदेशिक रोजगारीबाट फर्केका कामदारले पुनःएकीकरण कार्यक्रममा सहभागी हुन लाभग्राही सूचीमा सूचीकृत हुनुपर्छ । लाभग्राही सूचीमा सूचीकृत हुन नगरपालिका वा गाउँपालिकामा रोजगार सेवा केन्द्रमा निवेदन दिनुपर्छ। रोजगार सेवा केन्द्रले निवेदनउपर जाँचबुझ गरी लाभग्राहीको सूची अद्यावधिक गर्न र पुनःएकीकरण कार्यक्रम सञ्चालन गर्न सूचीकृत लाभग्राहीको अभिलेखलाई आधार मान्नुपर्छ । कार्यक्रम सञ्चालनका लागि वैदेशिक रोजगार बोर्डले प्रस्ताव आह्वान गर्छ।

त्यसबमोजिम स्थानीय तहले बोर्डमा प्रस्ताव पेश गर्नुपर्छ । आवश्यक जाँचबुझ गरी बोर्डमा रहेको कार्यक्रम कार्यान्वयन समितिले स्वीकृत गरेपछि कार्यक्रम कार्यान्वयन गरिन्छ। गाउँपालिकाको उपाध्यक्ष वा नगरपालिकाको उपप्रमुख रहेको कार्यक्रम कार्यान्वयन समिति स्थानीय तहमा रहनेछ। कार्यक्रमको अनुगमन मूल्याङ्कन बोर्डले गर्ने व्यवस्था रहेको छ । निर्देशिकाअनुसार बोर्डले आप्रवासी कामदारको प्रोफाइल तयार गर्ने, कार्यक्रमबारे सूचना र परामर्शका लागि केन्द्र स्थापना गर्ने, अन्तर्राष्ट्रिय आवागमन विन्दुमा सहायता कक्ष रहने, बोर्डले कार्यक्रम सञ्चालनका लागि राष्ट्र बैंक, वित्तीय संस्था तथा निजीक्षेत्रसँग समन्वय गर्ने व्यवस्था गरिएको छ। निर्देशिकाको अनुसरण गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले पुनःएकीकरण कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्थासमेत निर्देशिकाले गरेको छ। कार्यक्रम सञ्चालनका लागि वैदेशिक रोजगार कल्याणकारी कोषको रकम उपयोग गर्न सकिने व्यवस्था रहेको छ।

पुनःएकीकरण निर्देशिकाका कमजोरी

निर्देशिका देशको समग्र कामदारको पुनःएकीकरण मागलाई सम्बोधन गर्नेभन्दा पनि वैदेशिक रोजगार बोर्डको परियोजना सञ्चालन गर्ने निर्देशिकाका रूपमा आएको छ। यसमा निम्न कानुनी, सैद्धान्तिक, कार्यान्वयात्मक र व्यावहारिक कमजोरी छन् : (क) निर्देशिकाअनुसारका पुनःएकीकरण कामदारको कार्यक्रमको नभई नगरपालिका वा गाउँपालिकाले गर्ने कार्यक्रमका रूपमा आएको छ। यदि सम्बद्ध गाउँपालिका वा नगरपालिकाले बोर्डमा निवेदन नहालेमा वा कार्यक्रम पेश भए पनि बोर्डमा रहेको समितिले स्वीकृत नगरेमा सम्बद्ध क्षेत्रको कामदार उक्त कार्यक्रमबाट वञ्चित हुन्छन् । देशभरिका कामदारलाई समेट्ने गरी सबै प्रकारका कर्ता र कार्यक्रम समेट्ने गरी निर्देशिका नआएर केवल बोर्डको एक परियोजना कार्यान्वयनका लागि निर्देशिका बनेको देखिन्छ।

(ख) निर्देशिका संघीयताको भावनाविपरीत आएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार फर्केको कामदारको पुनःएकीकरण नगरपालिका र गाउँपालिकाको दायित्व हो। यस्तोमा संघीय सरकारको बोर्डले केन्द्रमा समन्वय समिति राखी, समन्वय समितिले कार्यक्रम स्वीकृति गर्ने कुरा संघीयताको भावनाअनुरूप छैन । देशभरको कार्यक्रम अनुगमन गर्ने बोर्डको क्षमता पनि छैन।

संघीयताको कार्यादेशअनुसार स्वायत्त स्थानीय सरकारले संघीय सरकारमा निवेदन हाली कार्यक्रम लिने कुरा तर्कसंगत र व्यावहारिक लाग्दैन। स्थानीय सरकार आफैले जति पनि बजेट विनियोजन गर्न सक्ने विषयमा निश्चित रकम माग्न स्थानीय सरकारलाई चासो नहुन पनि सक्छ।

(ग) नाममा समन्वय समिति भने पनि बोर्डको नेतृत्वमा रहने समन्वय (केन्द्रमा) समितिमा सबै अधिकार रहेको देखिन्छ। यसले समन्वय समिति र कार्यान्वयन समितिबीच द्वन्द्व वा अस्पष्टता ल्याउन सक्छ।

घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कुन स्रोतको प्रयोग गरी कार्यक्रम गर्न सक्नेछन्, निर्देशिकामा व्यवस्था छैन । निर्देशिकाको भाव हेर्दा वैदेशिक रोजगार कल्याणकारी कोषबाट गैरसरकारी संस्थाले परियोजना (बजेट) पाउने वा बोर्डको समन्वयमा रकम पाउने भन्ने छैन । आफूले खोजेर ल्याएको स्रोत, कानुनअनुसार स्थानीय सरकार, समाज कल्याण परिषद्, प्रमुख जिल्ला अधिकारी आदिबाट स्वीकृत गराएर फेरि किन बोर्डको अनुमति लिने तेहोरो झन्झट गैरसरकारी संस्थालाई थोपरिएको हो स्पष्ट छैन। बोर्डलाई जानकारी दिए पुग्ने विषयमा कानूनबमोजिम स्वीकृति लिइसकेको संस्था फेरि किन स्वीकृति लिन बोर्डमा आउलान् प्रश्नहरू खडा भएका छन्।

ङ) वैदेशिक रोजगारबाट फर्केका कामदारको पुनः एकीकरणका अरू आयामहरूलाई निर्देशिकाले सम्बोधन गरेको छैन। कार्यक्रमको स्रोत र दिगोपनाको कुनै योजना छैन। बोर्डको यो परियोजना कल्याणकारी कोषबाट खर्च गरेर सञ्चालन गर्दा कार्यक्रममा समावेश हुन नपाएको कामदार (जसले कोषमा योगदान गरेको छ) ले प्रश्न उठाउने ठाउँहरू छन्।

च) बोर्डको कार्यादेशमा वैदेशिक रोजगार ऐन, २०६४ बाट नै उल्लेख भएका परामर्श केन्द्रहरू स्थापना गर्ने, कार्यक्रम अनुगमन गर्ने, रिटर्नी प्रोफाइल तयार गर्नेजस्ता कार्य राजधानीमा रहेको बोर्डले गर्न सक्दैन भन्ने स्पष्ट हुँदाहुँदै र २०७४ को ऐनमा स्थानीय सरकारलाई अधिकार दिइसकेको विषय पुनः केन्द्रीकरण गर्नु व्यावहारिक छैन।

छ) निर्देशिकाले कामदारको पुनः एकीकरणका अन्य आयाम र पक्षहरूलाई सम्बोधन गरेको छैन। विदेश गई सफल भई फर्केका र समस्यामा परेर फर्केका कामदारका फरकफरक अवस्था र आवश्यकता हुन्छन् । महिला र पुरुष कामदारको पुनःएकीकरणको आवश्यकता फरक हुन सक्छन्।

पुनःएकीकरण कार्यक्रमले शिक्षा र सिपको स्तर उच्च भएका र न्यून भएका बीचमा पनि फरक आवश्यकता झल्काउँछ। पुनःएकीकरण कार्यक्रमभित्र उनीहरूलाई स्वदेशमा नै विदेशी आप्रवासी कामदारको स्थानमा समायोजन गर्ने, पुनःरोजगारीमा जाने तथा कमाएका कामदारको लगानीको सुनिश्चितता, संगठनको अधिकार र उनीहरूको नीति निर्माणमा पृष्ठपोषणजस्ता पक्षलाई निर्देशिकाले राम्ररी सम्बोधन गर्न सकेको छैन।

सरकारले ल्याएको पुनःएकीकरण निर्देशिकामा संशोधन गरी यसलाई परियोजना आधारित होइन, पुनःएकीकरणको सबल खाका दिने निर्देशिका बनाउनुपर्छ। संयुक्त राष्ट्रसंघको आप्रवासन घोषणापत्रको भावनाअनुसार निर्देशिकाको परिमार्जन गर्दा विज्ञ र सरोकारवालाको राय लिनुपर्छ। अहिले भइरहेको निर्देशिकाको राम्रा व्यवस्थाको प्रचारप्रसार गरी पुनःएकीकरण कार्यक्रम कार्यान्वयन गर्नुपर्छ।

२१ लाखभन्दा बढी नेपाली कामदार विदेशमा रहेको भए पनि कति कामदार फर्किए र फर्किएका कति कामदार विदेश गए भन्ने तथ्यात्क नेपालसाग छैन । नेपाल सरकारले बहुप्रतीक्षित वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिकामा २०७९ जारी गरी पुनःएकीकरणको बहस अघि बढाए पनि निर्देशिकाको व्यवस्था हेर्दा यसले पुनः एकीकरणको मागलाई सम्बोधन गर्न सक्ने अवस्था छैन। पुनःएकीकरण कार्यक्रमले शिक्षा र शीपको स्तर उच्च भएका र न्यून भएका बीचमा पनि फरक आवश्यकता झल्काउाछ।

पुनःएकीकरण कार्यक्रमभित्र उनीहरूलाई स्वदेशमा नै विदेशी आप्रवासी कामदारको स्थानमा समायोजन गर्ने, पुनःरोजगारीमा जाने तथा कमाएका कामदारको लगानीको सुनिश्चितता, संगठनको अधिकार र उनीहरूको नीति निर्माणमा पृष्ठपोषणजस्ता पक्षलाई निर्देशिकाले राम्ररी सम्बोधन गर्न सकेको छैन । सरकारले ल्याएको पुनःएकीकरण निर्देशिकामा संशोधन गरी यसलाई परियोजना आधारित होइन, पुनःएकीकरणको सबल खाका दिने निर्देशिका बनाउनुपर्छ। संयुक्त राष्ट्रसंघको आप्रवासन घोषणापत्रको भावनाअनुसार निर्देशिकाको परिमार्जन गर्दा विज्ञ र सरोकारवालाको राय लिनुपर्छ । अहिले भइरहेको निर्देशिकाको राम्रा व्यवस्थाको प्रचारप्रसार गरी पुनःएकीकरण कार्यक्रम कार्यान्वयन गर्नुपर्छ।

संक्रमणकालीन न्याय र अदालत

विपिन अधिकारी

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल सहितलाई विपक्षी बनाएर दशक लामो द्वन्द्वकालका पीडितका तर्फबाट ज्ञानेन्द्रराज आरणलगायतले सर्वोच्च अदालतमा दर्ता गरेको रिट एउटा प्रश्न बोकेर आएको छ। यो रिट द्वन्द्वपीडितको प्रतिनिधिमूलक मुद्दाका रूपमा प्रस्तुत भएको छ जसका धेरै पक्ष र विपक्षी छन्। अदालत पुग्न नसकेका तमाम द्वन्द्वपीडितलाई पनि यस मुद्दामा प्रतिनिधित्व गरिएको छ । नेपाली भूमिमा माओवादी सशस्त्र संघर्षका प्रवर्तक पुष्पकमल दाहाललाई व्यक्तिगत रूपमा यो मुद्दामा विपक्षी बनाइएको छ भने प्रधानमन्त्रीलाई पनि। संयोगवश अहिले प्रधानमन्त्री पदमा पनि दाहाल नै छन् । यसबाहेक गृह मन्त्रालय, प्रहरी लगायत विभिन्न विपक्षी छन्।

यो मुद्दा दर्ता गर्न किन आदेश दिइयो भन्नेबारे सर्वोच्च अदालत एकदमै प्रस्ट छ। यसमा सर्वोच्चले मूलतः तीन वटा आधार टेकेको छ। पहिलो, राज्यले दण्डहीनतालाई प्रश्रय दिनु हुँदैन। २०६३ मंसीर ५ गते तत्कालीन विद्रोही समूह नेकपा (माओवादी) र सरकारबीच विस्तृत शान्ति सम्झौता भएदेखि नै संक्रमणकालीन न्यायको प्रक्रिया सुरु भएको हो। सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारका गम्भीर उल्लंघन तथा मानवताविरुद्धको अपराधका घटनालाई संक्रमणकालीन न्यायिक प्रक्रियाबाट सम्बोधन गर्ने गरी उक्त सम्झौता भएको थियो। सम्झौतालाई अन्तरिम संविधान, २०६३ को अनुसूचीमा समेत समेटेर संवैधानिक हैसियत प्रदान गरिएको थियो। अहिलेको संविधानको धारा ३०४ (२) मा पनि 'अन्तरिम संविधान, २०६३ बमोजिमका शान्ति प्रक्रियासम्बन्धी कार्यहरू यसै संविधान बमोजिम भए, गरेको मानिनेछ' भन्ने उल्लेख गरेर संक्रमणकालीन न्यायलाई संवैधानिक दायित्व र अधिकारकै रूपमा अङ्गीकार गरिएको छ। तथापि यस सम्बन्धमा राज्यले वहन गर्नुपर्ने जिम्मेवारी पूरा गर्न सकेको छैन।

द्वन्द्वकालमा करिब १७ हजारको हत्या भएको मात्र होइन, बेपत्ता पारिएका व्यक्ति, विस्थापित, बलात्कृत, घाइते, अपहृत, सम्पत्ति लुटिएका, बाल सैनिक र अन्यायमा परेकाहरूको संख्या लाखौंमा पुग्न सक्छ। यी सबैलाई न्याय र परिपूरण गर्ने उद्देश्यले नै संक्रमणकालीन न्यायको प्रक्रिया शुरू भएको हो। त्यस क्रममा सुरुमा सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको सम्बन्धमा एक आयोग बनाइयो। अदालतले त्यसका महत्वपूर्ण प्रावधान संक्रमणकालीन न्यायका आधारभूत अवधारणासँग बाझिने भएकामा बदर गरेपछि दुई वटा आयोग बने- 'सत्य निरूपण तथा मेलमिलाप आयोग' र 'बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग'। गम्भीर अपराधमा समेत क्षमादानको प्रावधान प्रयोग गरिएकोलगायत कारणले सर्वोच्च अदालत यी आयोगसम्बन्धी ऐनहरूप्रति पनि उदासीन नै रहिआएको छ।

द्वन्द्वकालीन अपराधहरूलाई नियमित फौजदारी अदालतबाट अलग राखेर संक्रमणकालीन न्याय सम्बन्धी विश्वव्यापी अभ्यास अनुसार गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका घटना बाहेक अन्यलाई मेलमिलापबाट टुंग्याउने वाचा गरिएको थियो। तर, त्यो प्रक्रियालाई अपेक्षा गरिएअनुसार सरकारले अघि बढाएन। न आयोगहरूले पूर्णता पाए न आवश्यक कानुन नै बने। जुन प्रक्रिया अघि बढाइयो त्यसमा पीडितहरूले विश्वास गरेनन्। २०६३ मंसिरदेखि थालिएको कामले कुनै आकार नपाएपछि पीडितहरू अदालतको ढोका ढकढक्याउन पुगेका हुन्। अदालतप्रति पीडितहरूको विश्वास र आशा हुनु स्वाभाविक छ। नेपालको संविधानको धारा १३३ (२) अनुसार, संविधानप्रदत्त मौलिक हक प्राप्त नभएमा आवश्यक, प्रभावकारी र उपयुक्त आदेश जारी गरी न्याय गर्ने अधिकार सर्वोच्च अदालतलाई छ। संविधानले संक्रमणकालीन न्यायको वास्तविकतालाई स्वीकार गरेको मात्र छैन, न्याय दिने प्रक्रिया पर्याप्त नभएमा अदालतलाई हस्तक्षेपको अधिकार पनि दिएको छ।

अहिलेसम्म अदालतले न्यायिक आत्मानुशासन कायम राखेको थियो । यो राजनीतिक रूपमा समेत हेरिनुपर्ने विषय हो भनेर अदालत चूप नै बसेको थियो। बीच बीचमा संक्रमणकालीन न्यायसम्बन्धी कानुन बनाउन आदेश दिएको पनि थियो। अदालतको सहनशीलतालाई राजनीतिक पक्षहरूले अदालतको क्षेत्राधिकारमै नभएको भन्ने सोचेको देखिन्छ। द्वन्द्व अन्त्य भएको डेढ दशक नाघ्दासम्म पनि अदालत कसरी मौन रहन सक्छ ? राज्यले दण्डहीनतालाई प्रश्रय नदेओस् भनेर नै अदालतले रिट दर्ता गर्ने निर्णय गरेको हो।

दोस्रो, द्वन्द्वकालमा भएका गम्भीर मानव अधिकार उल्लंघनका घटना न्यायिक प्रक्रियाबाट मुक्त होइनन् । संक्रमणकालीन न्यायका लागि बनाइएका आयोग वैकल्पिक संयन्त्र मात्र हुन्। तर, ती संयन्त्रले काम नगर्ने, सर्वोच्चको आदेश सरकारले बेवास्ता गर्ने, अन्तर्राष्ट्रिय कानुनी बन्दोबस्त अनुसार पीडितसँग सत्यतथ्य विवरण पनि नलिने तथा न्याय र परिपूरण सुनिश्चित नगर्ने हो भने हस्तक्षेप गर्नुपर्छ भन्ने अदालतको दृष्टिकोण हो। यो दृष्टिकोणमा कुनै कमीकमजोरी छैन। नेपालको करीब सात दशकको न्यायिक उपचारको इतिहास यही हो।

तेस्रो, संक्रमणकालीन न्यायको बन्दोबस्त गर्न भनेर बनाइएका आयोगहरू निष्क्रिय भएका छन्। कानुन निर्माणको काम पनि प्रभावकारी हुन सकेको छैन। सुनुवाई नै नभएको र प्रभावकारी न्याय नपाएको अवस्थामा पीडित अदालत नै आउन पाउँदैनन् भन्ने हो भने संविधानको सुरक्षा हुन सक्दैन। यी तीन आधार टेकेर अदालतले रिट दर्ता गर्ने आदेश दिएको हो। अदालतले आदेश त दियो, तर परिस्थिति झलकमान गन्धर्वले गाएको तिम्रो नै माया लाग्दछ साइँली गीतको एक पंक्ति जस्तै छः 'सेतो र चोली, रातो र चोली कुन चोली सिएको/यो गीत मैले गाएको होइन, सम्झाइदिएको ।' अर्थात्, संक्रमणकालीन न्यायका दुई चोली (आयोग) नेपाली राजनीतिका कर्ताहरूले नै सिएका हुन्। तिनको कार्यान्वयन नभएको यथार्थ अदालतले सम्झाइदिएको मात्र हो।

न्यायको अठोट

त्यसो भए के सर्वोच्च अदालतले साँच्चिकै पक्राउ पुर्जी जारी गरी माओवादी अध्यक्ष दाहाललाई गिरफ्तार गर्ने आदेश दिएर संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन सक्छ त ? पक्कै पनि अदालतले मात्रै संक्रमणकालीन न्याय प्रदान गर्न सम्भव हुँदैन। माथि उल्लेख गरे जस्तै संक्रमणकालीन न्यायको सन्दर्भमा १७ हजारको हत्याको मात्र प्रश्न छैन। यसमा अन्य थुप्रै न्यायिक विषय जोडिएका छन् जसलाई नियमित अदालतले मात्र निरूपण गर्न सक्दैन। त्यसैले संक्रमणकालीन न्यायको प्रक्रियामा जानैपर्छ। तैपनि पीडितले न्याय नपाएको दुरवस्था अझ अर्को एक-दुई दशकसम्म हेर्न सकिँदैन र न्यायिक प्रक्रियाबाट कम्तीमा ढोका खोल्न नसकिने होइन भन्ने विषय अदालतले सोचेको हुन सक्छ।

अहिले अदालतले मुद्दाका सबै विपक्षीसँग संक्रमणकालीन न्याय कसरी र कहिलेसम्म सुनिश्चित गरिन्छ भन्ने अठोट मागेको हुन सक्छ। विपक्षीहरूले अदालतले यसबीचमा दिएका आदेश अनुसार काम गर्छौं भनेर क्यालेन्डरसहितको प्रतिबद्धता व्यक्त गर्न सकेमा सर्वोच्चले यो मुद्दालाई तामेलीमा राखेर संक्रमणकालीन न्यायको विषय छिटो टुंग्याऊ भन्न सक्छ।

यो अठोट प्रस्तुत गर्न नसक्ने हो भने अदालत कारबाहीमा पनि जान सक्छ। कम्तीमा महान्यायाधिवक्ता तथा मुलुकका सबै जिल्ला अदालतलाई द्वन्द्वकालका मुद्दा दर्ता गर्न सोही अनुसारले कारबाही अघि बढाउन आदेश दिन सक्छ। तर, अहिले गरिएको रिट दर्ता गर्ने र लिखित जवाफ माग्ने निर्णय अदालतले गरेको नरम ध्यानाकर्षण मात्र हो। संक्रमणकालीन न्यायप्रति अदालतको प्रतिबद्धतामा अहिलेसम्म कुनै कमी देखिएको छैन। संविधानप्रतिको निष्ठा राज्यपक्षले देखाउनुपर्नेछ।

सर्वोच्च अदालतले मुद्दा दर्ता गर्न दिएको आदेशप्रति माओवादी र अन्य पक्षबाट गरिएका टीकाटिप्पणी निकै उत्ताउला किसिमका छन्। अदालतले चाहेको भए अहिले नै पनि योभन्दा कठोर आदेश जारी गर्न सक्थ्यो भन्ने बिर्सन हुँदैन। पूर्ण न्याय प्रदान गर्न अदालत स्वतन्त्र र सक्षम छ। तथापि उसले न्यायिक आत्मसंयम राखेको छ। यो आत्मसंयमलाई तर्साउन खोज्नु मूर्खता हो। (हिमालबाट)

अहिले अदालतले मुद्दाका सबै विपक्षीसाग संक्रमणकालीन न्याय कसरी र कहिलेसम्म सुनिश्चित गरिन्छ भन्ने अठोट मागेको हुन सक्छ। विपक्षीहरूले अदालतले यसबीचमा दिएका आदेश अनुसार काम गर्छौं भनेर क्यालेन्डरसहितको प्रतिबद्धता व्यक्त गर्न सकेमा सर्वोच्चले यो मुद्दालाई तामेलीमा राखेर संक्रमणकालीन न्यायको विषय छिटो टुंग्याऊ भन्न सक्छ। यो अठोट प्रस्तुत गर्न नसक्ने हो भने अदालत कारबाहीमा पनि जान सक्छ। कम्तीमा महान्यायाधिवक्ता तथा मुलुकका सबै जिल्ला अदालतलाई द्वन्द्वकालका मुद्दा दर्ता गर्न सोही अनुसारले कारबाही अघि बढाउन आदेश दिन सक्छ। तर, अहिले गरिएको रिट दर्ता गर्ने र लिखित जवाफ माग्ने निर्णय अदालतले गरेको नरम ध्यानाकर्षण मात्र हो। संक्रमणकालीन न्यायप्रति अदालतको प्रतिबद्धतामा अहिलेसम्म कुनै कमी देखिएको छैन। संविधानप्रतिको निष्ठा राज्यपक्षले देखाउनुपर्नेछ।

रूपन्देही सुपरलिग: सुपर फोरको अन्तिम खेलमा लुम्बिनी खुकुरी विजयी

भैरहवा, चैत २ (मेसस) । लुम्बिनी खुकुरी क्रिकेट क्लब भैरहवामा जारी नेपाल टेलिकम रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिताअन्तर्गत सुपर फोरको अन्तिम खेलमा विजयी भएको छ। एक खेलअगावै फाइनलमा पुगेको खुकुरीले बिहीबार भएको सुपर फोरको अन्तिम खेलमा तिरुपति क्रिकेट क्लबमाथि १ सय १८ रनको फराकिलो जित निकालेको हो। सुपर फोरमा सबै जित निकाल्न सफल लुम्बिनी खुकुरीले अब शनिबार हुने फाइनलमा वेष्टर्न क्रिकेट क्लबसँग उपाधिका लागि भिड्ने छ।

सिद्धार्थ रंगशालामा भएको खेलमा टस जितेर ब्याटिङ गरेको लुम्बिनी खुकुरीले निर्धारित ५० ओभरको खेलमा ४९.२ ओभरमा सबै विकेट गुमाउँदै २ सय ४० रनको उच्च योगफल बनायो। उसका लागि प्रज्वल थापाले शतकीय पारी खेल्दै १ सय १४ रनको योगदान दिए।

यस्तै, निश्चल चौधरीले २६, साहब आलमले २४, संदीप रजालीले १३ र धिरज शाहीले १२ रन बनाए। बलिङमा तिरुपतिका तुलबहादुर थापाले ५, वीरेन्द्र मल्लले २, बसिर अहम्मद, विवेक यादव र सन्दीप मौर्यले समान १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको तिरुपति २२.४ ओभरमा सबै विकेटको नोक्सानीमा १ सय २२ रनमा समेटियो र हार व्यहोर्यो। उसलाई सस्तैमा रोक्न लुम्बिनी खुकुरीका अजयकुमार चौहान र इकलाख वारिसले समान ३-३ तथा धिरज शाहीले २ विकेट लिए।

तिरुपतिका नन्दलाल चाईले २८, तुलबहादुर थापाले २४, विवेक यादवले १८, बसिर अहम्मदले १४ र अमन गुप्ताले १३ रन बनाए पनि जितका लागि पर्याप्त भएन। खेलमा लुम्बिनी खुकुरीका प्रज्वल थापा म्यान अफ द म्याच भई एक हजार रुपैयाँबाट पुरस्कृत भएको आयोजक संस्था रुपन्देही क्रिकेट संघका उपाध्यक्ष एवं प्रतियोगिता संयोजक धिरज अधिकारीले जनाए।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको बिजेताले १ लाख रुपैयाँ र ट्रफी तथा उपबिजेताले ५० हजार र ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगितामा म्यान अफ द सिरिजले १५ हजार रुपैयाँ, बेस्ट ब्याट्समयान, बेस्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ प्राप्त गर्ने छन्।

प्रतियोगिताको प्रमुख प्रायोजकमा नेपाल टेलिकम तथा संरक्षकमा सिद्धार्थनगर नगरपालिका छन्।प्रतियोगिताबिजेतापुरस्कारएभरेस्ट कत्था मिल तथा उपबिजेता पुरस्कार रुपन्देही क्रिकेट संघका संस्थापक अध्यक्ष एवं विके ज्वेलर्सका प्रबन्ध निर्देशक प्रेमकुमार सेन्चुरीले सौजन्य गरेका छन्।

गभर्नर अधिकारीलाई ज्ञापनपत्र

भैरहवा, चैत २ (मेसस)। रुपन्देहीको तिलोत्तमा उद्योग वाणिज्य संघले मुलुकको अर्थतन्त्रलाई चलायमान गराउन बढ्दो ब्याजदर वृद्धि घटाउन माग गरेको छ। संघले बिहीबार नेपाल राष्ट्र बैंक सिद्धार्थनगरमार्फत राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै तत्काल ब्याजबृद्धि घटाई अर्थतन्त्रलाई पूर्ववतः अवस्थामा फर्काउन सहजीकरण गर्न आग्रह गरेको हो।

संघका अध्यक्ष गुणनिधि भण्डारीको नेतृत्वमा ज्ञापनपत्र बुझाउन पुगेका उद्योगी व्यवसायीले कोरोना भाइरस, रुस युक्रेन युद्धलगायत विश्वव्यापी प्रभावबाट अर्थतन्त्रमा समस्या देखिएको वर्तमान चुनौतीपूर्ण परिप्रेक्षमा अर्थतन्त्रलाई चलायमान बनाउन ब्याजदर एकल विन्दुमा राख्न देशको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकको ध्यानाकर्षण गराएका हुन्। कोरोना भाइरसको प्रभावबाट पुरानै अवस्थामा आउन नपाउँदै बैंक तथा वित्तीय संस्थाहरुले अत्याधिक मात्रामा ब्याज वृद्धि गरेका कारण उद्योगी व्यवसायीहरु यो जटिल परिस्थितिको सामना गरिरहेका ज्ञापनपत्रमा उल्लेख छ।

मूलतः बजारमा लगानीयोग्य रकमको अभाव हुँदा ब्याजदर बढिरहेको जनाउँदै संघका अध्यक्ष भण्डारीले कच्चा पदार्थ इन्धनलगायतको मूल्य समेत बढेकाले बजार भाउ निरन्तर उकालो लागिरहेको जनाए। एकातर्फ बैंक तथा वित्तीय संस्थाले पूँजी तरलताको अभाव भन्दै कर्जा प्रवाहमा कडाइ गरिदिने र अर्कातर्फ ब्याजदर चर्को कायम गरिदिनाले उद्योग व्यवसायीहरु विस्थापित बन्दै गएको उनको भनाइ छ। यसलाई सहजीकरण गर्न उनले माग गरे।

वैदेशिक रोजगारीमा जाने युवालाई दुःख नदिनुस्: प्रधानमन्त्री

काठमाडौँ, चैत २। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले वैदेशिक रोजगारीमा जाने युवालाई अनावश्यक दुःख नदिन निर्देशन दिएका छन्। गृह मन्त्रालय मातहतको विकास समस्या समाधान समितिको बैठकलाई बिहीबार सम्बोधन गर्दै उनले वैदेशिक रोजगारीमा जाँदा युवाले अनेकौँ समस्या भोग्नुपरेको गुनासो आएको भन्दै सो निर्देशन दिएका हुन्। 'वैदेशिक रोजगारीमा जाने युवाले पासपोर्ट बनाउँदा, स्वास्थ्य परीक्षण गर्दा, अभिमुखीकरण तालिम लिँदादेखि अध्यागमनसम्म पाउने दुःख जटिल छ,'उनले भने,'कानुन र विधिअनुसार हुने कुनै पनि काम नरोकियोस्। दुःख दिने, आलटाल गर्ने, ढिलासुस्ती गर्ने कामको अनुगमन र नियन्त्रण होस्।'

प्रधानमन्त्रीले मन्त्रालयका वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमका बाँकी काम समयमै सम्पन्न गर्न, मुलुकको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण तथा विकास निर्माणमा सहजीकरण गर्नसमेत निर्देशन दिए।

उनले भने,'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, सेवा प्रवाह र सुशासन कायम गर्ने सवालमा आगामी दिनमा लाग्नुहुने नै छ। साथै केही विषयमा अझ सक्रियताका साथ कार्यसम्पादन गर्न पनि म निर्देशित गर्दछु।' गृह प्रशासनसँग सम्बन्धित विद्यमान नीति तथा कानुनलाई समसामयिक बनाउनेतर्फ आफू लाग्न र कार्य सञ्चालनसँग सम्बन्धित निर्देशिका, दिग्दर्शन र कार्यविधि तर्जुमा एवं परिमार्जन तत्काल गर्न उनले निर्देशन दिए। 'देशको अर्थतन्त्रमा देखा परेका समस्यासँगै लघुवित्त तथा सहकारी र बैंक तथा वित्तीय क्षेत्रमा बचतकर्ता र ऋणिका तर्फबाटसमेत व्यक्त भएका आक्रोश एवं केही अवाञ्छित गतिविधि, स्वतन्त्र विद्यार्थी युनियनको चुनावलगायतका विषयमा सबै सुरक्षा निकायले गम्भीरतापूर्वक मनन गरी समग्र शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाउन निर्देशन दिन्छु,'उनले भने। मन्त्रालयले अपराध नियन्त्रण, अनुसन्धान र अभियोजनलाई छिटोछरितो र विश्वसनीय बनाउनुपर्ने भन्दै उनले आपराधिक घटना नियन्त्रणका साथै माफिया, बिचौलिया, दलाली, घुसखोरीजस्ता बेथिति र विसङ्गतिको अन्त्य गर्नेतर्फ ध्यान दिनुपर्ने उल्लेख गरे। सार्वजनिक सेवा प्रवाहको वर्तमान सरकारी शैलीलाई परिष्कृत र वैज्ञानिक बनाइ नागरिकता, राहदानी र राष्ट्रिय परिचयपत्र लिँदा नागरिकहरूले महसुस गरिरहेको झन्झट र ढिलासुस्तीको अन्त्य गर्न प्रभावकारी कदम चाल्न पनि उनको निर्देशन छ। अध्यागमन प्रशासनबाट प्रदत्त सेवाले देशको प्रथम मुहार प्रतिबिम्बित गर्ने हुँदा सो कार्यमा सक्षम उच्च नैतिक आचरणयुक्त जनशक्ति परिचालन गर्ने र विद्यमान विद्युतीय प्रणालीको स्तरोन्नति गरी पूर्ण प्रयोग गर्नुपर्नेमा उनको जोड छ।

प्रधानमन्त्रीले सीमा व्यवस्थापन एवं राजस्व चुहावट नियन्त्रण कार्यमा थप जिम्मेवार भएर काम गर्न, सीमास्तम्भको संरक्षण र मर्मतसम्भार गर्ने कार्यलाई प्राथमिकतामा राख्न मातहतका निकायलाई निर्देशन दिए।

मन्त्रालयले राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीका लागि नागरिकको विवरण संकलन कार्यलाई आगामी वर्षभित्र सक्ने गरी कार्य योजना बनाई काम गर्नेछ। मन्त्रालयले राष्ट्रिय परिचयपत्र छपाई र बितरणलाई छिटोछरितो बनाउने र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीसँग अन्य सेवा प्रदायक निकायका विद्युतीय प्रणालीलाई छिटो आबद्ध गरी सेवा प्रवाहलाई सरलीकरण गर्ने भएको छ।

सबै स्थानीय तहहरूलाई सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणालीमार्फत बितरण गर्न लगाउने र सामाजिक सुरक्षा भत्ता विद्युतीय भुक्तानी प्रणालीमार्फत भुक्तानी गर्न पनि उनले निर्देशन दिए।

लुम्बिनीमा भेटिबापत एक करोड ३ लाख संकलन

बुटवल, चैत २। बुद्धजन्मस्थल लुम्बिनीस्थित मायादेवि मन्दिरमा दानबापत १ करोड ३ लाख ७ हजार रुपैयाँ उठेको छ। बुधबार सकिएको गणनामा योपटक कोभिडपछि धेरै रकम भेटिबापत संकलन भएको लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराई (सिद्धिचरण) ले जानकारी दिए।

आइतबार कोषका कोषाध्यक्ष भट्टराईको नेतृत्वमा दानपत्रको रकम गणना सुरु गरिएको थियो।

आइतबार ११ लाख ८२ हजार, सोमबार ३६ लाख २८ हजार मंगलबार ३२ लाख ५० हजार, बुधबार २२ लाख ४७ हजार रुपैयाँ संकलन भएको राजस्व शाखाका विकास लामाले जानकारी दिए। फागुन २८ गतेदेखि बुधबारसम्म चार दिनसम्म लगातार ४० जना गणकबाट संकलित रकम गणना गरिएको थियो।

अघिल्लोपटक मंसिर २८ देखि पुस १ गतेसम्म चार दिन लगाएर दानपत्र खोलिएको थियो। अहिले विदेशी पर्यटकहरुको संख्या बढेकाले पनि दानबापतको रकम बृद्धि भएको कोषले जनाएको छ।

कोहलपुरमा कासेली घर सञ्चालन

नेपालगञ्ज, चैत २। बाँकेको कोहलपुर नगरपालिकामा कोसेली घर सञ्चालन भएको छ। कोहलपुर-१५ वडामा उत्पादनमा भएका अर्गानिक वस्तु अन्यत्र पुऱ्याउन सक्ने गरी कोसेली घरको व्यवस्था गरिएको प्रबन्ध निर्देशक ईश्वर शर्माले जानकारी दिए।

'नगरपालिकाका १५ वडामा उत्पादन भएका वस्तुको बिक्रीवितरण र बजारीकरण गर्ने योजना बनाएका छौँ,'उनले भने,'यहाँ भान्सादेखि कपडासम्मका वस्तु पाइने छ। नगरपालिकाले तालिम दिएपछि उत्पादन भएका वस्तु कोसेली घरमा पाइने बताए।' स्थानीयस्तरमा उत्पादन हुने गरेका वस्तुलाई बजारीकरणमा समस्या छ, त्यसलाई न्यूनीकरण गर्न कोसेली घर सञ्चालनमा ल्याएको उनको भनाइ छ।

उनले भने,'अहिले भारतबाट ल्याइएको तरकारी बजारमा जतातते भएका कारण स्वदेशी उत्पादनले प्राथमिकता पाएका छैनन्।' तर अहिले साना तथा व्यावसायिक रुपमा तरकारी, चामल, खाद्यान्न वस्तु, गेडागुडी, अचार, हस्तकला, टपरीलगायत अन्य विभिन्न प्रकारका स्थानीय उत्पादन भएका वस्तु कोसेली घरमा प्राप्त हुनेछन। नगरपालिकाले अनौपचारिक तथा औपचारिक कार्यक्रममा समेत नगरपालिकाको पहिचान हुने गरी हस्तकलाबाट बनाइएका बस्तुलाई मायाको चिनोको रुपमा प्रदान गर्नुपर्ने जस्ता योजना ल्याएको प्रबन्धक निर्देशक शर्माले जानकारी दिए। कोहलपुर नगरपालिका उपप्रमुख सङ्गीता सुवेदीले स्थानीय उत्पादनलाई प्रमुख प्राथमिकतामा राख्नपर्नेमा जोड दिइन्।

'महिलालाई आर्थिक क्षेत्रमा सहयोग हुनका लागि पालिकाले सीप विकास तालिम दिइरहेको छ,'उनले भनिन्,'तालिम लिएपछि उत्पादन गरेको वस्तु कोसेली घरमार्फत बिक्री वितरण हुने विश्वास भएको छु।'

वैभव लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाकी अध्यक्ष शुभद्रा शर्माले पालिकाले लिएको योजना र कार्यक्रममा निरन्तर सहयोग गर्ने उल्लेख गर्दै कोसेली घरको लागि नगरपालिकाले खोलेको ठेक्काबाट सहकारी संस्थाले रु.पाँच लाख अनुदान पाएको बताइन्। अहिले सहकारीले करिब रु.आठ लाख लगानी गरेको बताइएको छ।

नेप्से परिसूचकमा गिरावट

काठमाडौँ, चैत २। धितोपत्र बजारमा शेयर कारोबारमापक नेप्से परिसूचक सामान्य अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक पाँच दशमलब ३२ अङ्कले ओरालो लागेर एक हजार नौ सय ३३ दशमलब ३१ मा सीमित भएको छ।

ठूला कम्पनीको शेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलब ५१ अङ्कले ओरालो लागेर तीन सय ६४ दशमलब ७८ मा सीमित भएको छ। कारोबार भएका कूल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर मूल्य उकालो लागेको छ भने नौ उपसमूहको शेयर मूल्यमा भने ओरालो लागेको छ।

विभिन्न कम्पनीका कूल ३४ लाख दुई हजार दुई सय ६७ कित्ता शेयर रू.एक अर्ब १४ करोड १४ लाख ५५ हजार ६२ मूल्यमा खरिद बिक्री भएका छन्। कारोबारपछि बजार पुँजीकरण रू.२७ खर्ब ९३ अर्ब ४१ करोड ८७ लाख ६२ हजार दुई सय ७८ पुगेको छ।

कारोबारका आधारमा एनआइसी एशिया बैंक शीर्ष स्थानमा छ। सो बैंकको रू. चार करोड ९४ लाख ९२ हजार छ सय १९ बराबरको कारोबार भयो। नविल बैंक रू.तीन करोड ९६ लाख ८३ हजार सात सय ३१, हिमालयन डिस्ट्रिलरी रू.तीन करोड ८३ लाख दुई हजार पाँच सय ८५, नेपाल लाइफ इन्स्योरेन्स रू.तीन करोड ३० लाख तीन हजार आठ सय ६१ र सिद्धार्थ बैंकको संस्थापक शेयर रू.दुई करोड ५६ लाख बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार युनिक नेपाल लघुवित्त, शुभम पावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। लिवर्टी इनर्जी चार दशमलव ९८, किसान लघुवित्त चार दशमलब ९३ र विन नेपाल लघुवित्तका लगानीकर्ताले चार दशमलब २५ प्रतिशतले शेयर मूल्य बढेको छ।

त्यस्तै, लक्ष्मी लघुवित्त पाँच दशमलव ७६, नयाँ सारथी लघुवित्त चार दशमलब ८०,प्रभु लाइफ इन्स्योरेन्स चार दशमलब ७४, ग्रीन डेभलपमेन्ट बैंक चार दशमलब ६८ र सानिमा ग्रोथ फण्डका लगानीकर्ताले चार दशमलव २० प्रतिशतले शेयर मूल्य बढेको छ।

बिमालेख हराएको सुचना

मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्सको बिमालेख मिति २०७९।८।१० गते बुटवलदेखि परासीतर्फ जादै गर्दा हराएको हुनाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

नामः प्रदिप कुमार गुप्ता ठेगानाः रामग्राम, परासी
बिमालेख नं.: ३०२०६२०९४ सम्पर्कः ९८५७०२२२१५

इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।

LBF मार्का LBF

सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोनः ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।

ट्वाइलेट सफा गराउनुहोस्

- तपाईको शहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानिज मेसिनद्धारा सेफ्टी ट्यांकीको रिङ्ग भरिएमा १० मिनेटमा सफा गरिन्छ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्धारा १० मिनेटमै सेफ्टी ट्यांकीको रिङ्ग खाली गरिन्छ।

भैरहवा सेनेटरी
बर्मेलीटोल, भैरहवा, रुपन्देही
९८५७०१५७६३, ९८१७५११८३३

न्यू शिव सेनेटरी
पडसरी, ठुटीपिपल, रुपन्देही
९८५७०१५२६३, ९८११९२३९१९

समस्या अनेक ? उपचार केन्द्र एक !

नेपाल सरकारद्वारा मान्यता प्राप्त बुटवलको एकमात्र आयुर्वेद क्लिनिक

यौन: सबै किसिमका शारीरिक, मानसिक, यौन दुर्बलता, धातु रोग, गुप्तरोग, स्पनदोष र पुरुष-स्त्री दुवैका कारणबाट हुने 'निः सन्तानपनु यौनाइको विकास महिनावारीमा गडबडी, सेतोपानी आउने, गन्नाउने आदि (पूर्ण गोप्तताका साथ)

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर, चाया, अनावश्यक कोठी वा फोकाहरू अनुहारका चाउरीपन दुबी, सेतोदुबी, मोटोपन, दुब्लोपन, शारीरिक बनौट तथा ऊचाई (निश्चित उमेरमा)

पाइल्स, फिस्टुला र फिसरको क्षारशुत्र विधिद्वारा बिना अपरेशन सफल उपचार

कुलत: जाँड, रक्सी, लागू पदार्थको सेवन तथा इन्जेक्सन जस्ता कुलतहरूको परामर्श तथा पूर्ण उपचार ।

मानसिक: निराशा, उदासिनता, मानसिक डर, भय, दिमागको बोधोपन निद्रा नलाग्नु आदि ।

बिना अपरेशन: पत्थरी, हाइड्रोसिल, हर्निया, अल्काई आदि ।

दीर्घ रोग: डायबिटिज (सुगर), बाथ, दम, पिनास, जण्डीस, ब्लड प्रेसर, एलर्जी, कपालको चाया तथा ग्यास्टिक र अल्सरको सजिलो उपचारको लागि काठमाडौंबाट आउनु भएका विशेषज्ञ डा. हरूलाई भेटी स्वास्थ लाभ लिनुहोस्।

सम्पर्क: **माता मनकामना आरोग्य केन्द्र** तथा **सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक**

बुटवल-१०, (ॐ मिष्ठान्न भण्डारको दोस्रो तल्ला, राजमार्ग चौराहा चोकदेखि १०० मिटर उत्तरतर्फ), फोन: ०७१-५३८८९३, ९८४७३५२१२७

सिद्धार्थनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही

सिद्धार्थनगर नगर कार्यपालिकाको ठेला व्यवसायीहरूका लागि अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मितिः २०७९/१२/०३

सिद्धार्थनगर नगर कार्यपालिका कार्यालयमा साविकमा दर्ता रहि संचालनमा रहेका ठेला व्यवसायीहरुले प्राप्त गरेको व्यावसायिक इजाजत नविकरणका लागि यो सूचना प्रकाशित मितिले पैंतिस दिनभित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सरोकारवालाहरुलाई यसै सूचनाद्धारा सूचित गरिन्छ।

१. सिद्धार्थनगर नगरपालिका नगर क्षेत्रमा २०८२ साल असार मसान्तसम्म मात्र ठेला व्यवसाय संचालन गर्न पाउने भएको हुदा सो पश्चात व्यवसाय गर्न वैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।
२. नगरपालिकाबाट तोकिएको स्थानमा मात्र व्यवसाय संचालन गर्नुपर्नेछ ।
३. ठेला व्यवसायीले गुटका चुरोट लगायतका सूर्तिजन्य वस्तु बिक्री गर्न पाउने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

Bhumikasthan Municipality

Office of Municipal Executive
Nuwakot, Arghakhanchi

Invitation for Bids

Date of publication: 17-03-2023 (2079/12/03)

1. Bhumikasthan Municipality invites electronic bids from Nepalese eligible bidders for the following works. Under National Competitive Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp. and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,.
3. Bidders, submitting their bid electronically, should deposit the cost NRs.1000/- of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Parbhu Bank Ltd.
   Name of Office: Bhumikasthan Municipality Office
   Office Account no: 2587086986800138
   Information to deposit the BID Security Amount in Bank:
   Name of the Bank: Parbhu Bank Ltd.
   Name of Office: Bhumikasthan Municipality Office
   Office Account no: 2587086986800048
4. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchiat 1:00 pm on 26 March, 2023 (2079-12-12).
5. electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. Bids received after this deadline will be rejected. Bid Purchasing, submission and other bidding process option should be done according to Bid Document.

Bidders other details are as given below:

Tender No.	Name of Project	Bid Price	Estimate cost (Inclusive of VAT)	Bid Security Amount In NRs	Bid security valid period	last date of Bid purchase	last date of Bid submitted	Bid Open
30/BMA/W/ UPG/2079/080	Sanaandheri Halde Motorable road upgrading works.	NRs. 1000.00 (Not Refundable)	489170.57	NRs. 12500	75	31-03-2023 (2079-12-17)	02-04-2023 (2079-12-19) 12:00 noon	02-04-2023 (2079-12-19) 1:00 PM
31/BMA/W/ UPG/2079/080	Dharapani Dhakabang Motorable road upgrading works.	NRs. 1000.00 (Not Refundable)	1162459.42	NRs. 29500				
32/BMA/G/ MT/2079/080	Mini Tiller Procurement and Supply works.	NRs. 1000.00 (Not Refundable)	1974375.00	NRs. 49500				

6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. Other details are available on the E-Procurement Section of PPMO Web Site www.bolpatra.gov.np/egp and Bhumikasthan municipality Office website:

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुका भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०७९/१२/०३

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक तिनाउ मिसन डेभलपमेन्ट बैंक लि.) को शाखा कार्यालय भलुही, रुपन्देहीबाट सिटिजन्स सवारी कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने सावाँ, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने सावाँ तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण सावाँ, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स सवारी कर्जा

ऋणीको नाम र ठेगाना
नाम : गोविन्द बहादुर खत्री
बुबा : ज्ञान बहादुर खत्री
बाजे : मेघ बहादुर खत्री
स्थायी ठेगाना : इस्मारजस्थल गा.वि.स.-४, गुल्मी
हालको ठेगाना : देवदह न.पा.-८, रुपन्देही
ना.प्र.नं. : ५८०३३
जारी मिति : २०६२/१२/१७
जि.प्र.का : गुल्मी

जमानीकर्ताको नाम र ठेगाना
नाम : माया खत्री
पति : गोविन्द बहादुर खत्री
ससुरा : ज्ञान बहादुर खत्री
स्थायी ठेगाना : इस्मारजस्थल गा.वि.स.-४, गुल्मी
हाल : देवदह न.पा.-८, रुपन्देही
ना.प्र.नं. : ४१-०१-७१-०२०८९
जारी मिति : २०७१/०३/२४
जि.प्र.का. : गुल्मी

धितो राखिएको सम्पत्तिको विवरण:
धितो सुरक्षण धनीको नाम :- सिटिजन्स बैंक इन्टरनेशनल लि. धनी कायम भई ऋणी गोविन्द बहादुर खत्री ।

सि.नं.	सवारीको किसिम	च्यासिज नं.	ईन्जिन नं.	दर्ता नं.
१.	सामे ट्रेक्टर (रातो) मोडेलः 45HP2017	SE23451G17	3B42942G17	लु ३ त ८९०४

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

सियारीमा ९५ प्रतिशत योजना सम्झौता

भैरहवा, चैत २ (मेसस) । रुपन्देहीको सियारी गाउँपालिकाले ९५ प्रतिशत योजनाको सम्झौता गरेको छ । गाउँपालिकाको गाउँसभाबाट पारित गरेका योजनामध्ये ९५ प्रतिशत योजनाको सम्झौता गरी कामको सुरुवात गरिसकेको जनाएको छ ।

सम्झौता भएका १७८ योजनामध्ये ६० वटा योजनाको निर्माण सम्पन्न भइसकेको योजना शाखा प्रमुख रोमलाल पुरीले जानकारी दिए । सियारीले सडक, नाली, कल्भट, भवन तथा आवास निर्माण, धर्मशाला निर्माणलगायतका पुर्वाधार निर्माणका काम तीव्र रुपमा अगाडि बढेको योजना शाखा प्रमुख पुरीले जानकारी दिए । उनले असार मसान्तभित्रै योजनाको निर्माण कार्य सम्पन्न गर्ने गरी काम भइरहेको उल्लेख गर्दै सम्पन्न भएका योजनाको भुक्तानी दिने काम पनि भईरहेको जानकारी दिए । गाउँपालिकाले पालिकाभित्र सुरु भएका बिकास निर्माणका कामको अनुगमनलाई पनि तिव्रता दिएको छ । पालिकाले विभिन्न उपभोक्ता समूह तथा ठेक्का सम्झौतामार्फत निर्माण वयवसायिले सुरु गरेका विकास निर्माणका कामको गुणस्तर तथा कामको प्रगतिबारे बुझ्नका लागि अनुगमनलाई तिव्रता दिइएको गाउँपालिका उपाध्यक्ष तथा अनुगमन समिति संयोजक तारा थारुले जानकारी दिइन् ।

उनले गाउँपालिकाले सुरु गरेको योजनाको भुक्तानी गर्नुपूर्व सबै योजनाको अनुगमन गर्ने गरिएको बताउँदै समयमै काम नगर्ने तथा गुणस्तरहीन काम गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीको कुनै पनि रकम भुक्तानी नहुने बताइन् ।

उपाध्यक्ष थारुको संयोजकत्वमा पालिकाका प्रमुख प्रशासकीय अधिकृत रोमनाथ न्यौपाने, योजना शाखा प्रमुख रोमलाल पुरी, आर्थिक प्रशाशन शाखा प्रमुख नारायणप्रसाद पौडेल, सम्बन्धित बडाका जनप्रतिनिधिलगायतले निर्माणधीन योजनाको अनुगमन गर्ने गरेका छन् । सियारीमा गाउँपालिकास्तरका १० करोड ७१ लाख ६९ हजार बराबरका तथा वडा स्तरमा ७ करोड २१ लाख बराबरका योजना निर्माणको चरणमा रहेका छन् ।

सियारीले सडक निर्माण, कुलो निर्माण, बाध निर्माण, भवन तथा आवास नर्माण, विद्यालयका भवन निर्माणलगायतका कामलाई प्राथमिकतामा राखेको जनाएको छ । काम भइरहेका योजनामध्ये ३३ वटा योजनाको पेश्की निकासा भइसकेको तथा ६ वटाको रनिङ वील अगाडि बढेको जनाइएको छ ।

लुम्बिनी प्रदेशसभा बैठक चैत ७ गते बस्ने

बुटवल, चैत २ (मेसस) । लुम्बिनी प्रदेशसभाको सातौं बैठक यही चैत ७ गते मंगलबार बस्ने भएको छ । सभामुखको निर्देशनअनुसार बैठक बस्ने तय भएको प्रदेशसभा सचिवालयद्वारा बिहीबार जारी सूचनामा उल्लेख छ । प्रदेशसभा सचिवालयले जारी गरेको सूचनाअनुसार बैठक मंगलबार दिउँसो १ बस्ने छ ।

लुम्बिनी प्रदेशसभा नियमावली, २०७९ को नियम १२ को उपनियम ३ बमोजिम बैठक बस्ने तय भएको प्रदेशसभा सचिव दुर्लभकुमार पुनद्वारा जारी सूचनामा उल्लेख छ । यसअघि प्रदेशसभाको बैठक गत फागुन १७ गते बसेको थियो ।

तिलोत्तममा चैत ४ मा रोजगार सूचना मेला

तिलोत्तमा, चैत २ (मेसस) । तिलोत्तमा नगरपालिकाको आयोजनामा यही चैत ४ गते हुन लागेको वृत्तिमार्ग निर्देशन तथा रोजगार सूचना मेलामा सहभागी हुन नगरपालिकाले सबै युवा विद्यार्थीहरुमा आग्रह गरेको छ । रोजगारीको खोजीमा रहेका बेरोजगार तथा अर्धबेरोजगार युवा विद्यार्थीहरुको लागि भनेर आयोजना गरिएको १ दिने वृत्तिमार्ग निर्देशन तथा रोजगार सूचना मेलामा रोजगार तथा रोजगार दाता कम्पनीहरुको ४० स्टल रहने मेलाका संयोजक तथा वडा नम्बर ६ का अध्यक्ष गणेश पाठकले बताए । तिलोत्तमाको रामजानकी मन्दिर परिसर मंगलापुरमा हुने सो मेलामा नगरपालिकाभित्रका र अन्य पालिकाबाट आएका करिब १५ सय बिद्यार्थी सहभागी हुने लक्ष्य राखिएको छ । मेलामा सहभागी हुन इच्छुक युवायुवतीलेले नागरिकता, फोटो, शैक्षिकप्रमाणपत्रको प्रतिलिपिसमेत ल्याउनुपर्ने सहसंयोजक तथा नगरपालिकाका कार्यपालिका सदस्य रवि सेन्चुरीले बताए ।

वृत्तिमार्ग (करियर गाइडेन्स) निर्देशन तथा रोजगार सूचना मेला तिलोत्तमाका युवाहरुलाई अवसर रहेको र यो अवसरको भरपुर सदुपयोग गर्न नगरप्रमुख रामकृष्ण खाँणले सुझाए । नगरपालिका युवाहरुको मागअनुसार विभिन्न क्षेत्रमा अघि बढेको जानकारी गराउँदै रोजगारीको अवसर र तालिमका लागि यो मेलाले ठुलो योगदान गर्ने नगरप्रमुख खाँणले बताए ।

इन्स्योर परियोजनाको सहयोगमा नगरपालिकाले आयोजना गरेको सो रोजगार मेलामा रोजगारसम्बन्धी विज्ञ, तालिम प्रदायक संस्था, रोजगार कम्पनी, उद्योग कलकारखानाका सञ्चालक तथा प्रतिनिधिहरुको बाहुक्य उपस्थिति रहने छ । पत्रकार सम्मेलनमा उपप्रमुख जागेश्वरदेवी चौधरी, प्रमुख प्रशासकीय अधिकृत नारायण अर्याल, शिक्षा शाखा प्रमुख गंगाराम आचार्य, बालमैत्री शाखा प्रमुख शारदा भट्टराई, शिक्षा शाखाकी रमा आचार्य, रोजगार सहायक विकास न्यौपानेलगायतको उपस्थिति रहेको थियो ।

लुम्बिनीमा पाँच सय जना बने अल्पकालीन भिक्षु

लुम्बिनी, चैत २ (मेसस) । लुम्बिनीस्थित मायादेवी मन्दिर प्राङ्गणमा एकै दिन पाँच सय जना अल्पकालीन भिक्षु बनेका छन् । अखिल नेपाल भिक्षु महासंघ र थाई भिक्षु महासंघको आयोजना, लुम्बिनी विकास कोषसहितका विभिन्न संस्थाहरुको सहआयोजनामा बिहीबार मायादेवी मन्दिर प्राङ्गणमा पाँच सय जनालाई कुलपुत्र प्रव्रज्या (अल्पकालीन भिक्षु) गराइएको हो ।

अखिल नेपाल भिक्षु महासंघका महास्थविर धम्म शोभन र धम्मकाय फाउण्डेशनका उपप्रमुख भिक्षु फरा पभनाले अल्पकालीन भिक्षुका लागि चिवर प्रदान गरे । अल्पकालीन भिक्षुहरुले पहेलो चिवर लगाएर बुद्ध धर्मका सय वटा नियमहरु पालना गर्नुपर्नेछ । सामान्य अनुयायीहरुले पञ्चशिल र अष्टशिलको पालना गर्ने भएपनि अल्पकालीन भिक्षुले २० दिनसम्म पूर्ण रुपमा बौद्ध नियमा आफूलाई रुपान्तरण गर्नुपर्ने छ ।

फागुन २७ गते काठमाडौं र फागुन २८ गते लुम्बिनीमा गरी ५ सय जनाको केश मुन्डन गरिएको थियो । केश मुन्डन गरिएपनि बिहीबार मात्रै उनीहरुले प्रवज्या गरी अल्पकालीन भिक्षुका रुपमा पहेलो चिवर लगाउन योग्य भएका हुन् । चिवर प्रदान एवं कुलपुत्र प्रवज्या कार्यक्रमलाई सम्बोधन गर्दै लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेशकुमार त्रिपाठी (भिक्षु मैत्तय) ले भगवान् बुद्धको जन्मस्थलमा अल्पकालीन समयका लागि भएपनि प्रवज्यामा सहभागी हुनेहरुलाई स्वागत गरे । उनले बुद्ध जन्मेकै देशका नागरिकहरु यसरी बुद्धको शिक्षा ग्रहण गर्नु नै महान् कार्य रहेको बताए । बुद्ध शिक्षालाई सतही रुपमा मात्रै नभई बुद्धभूमिकै आएर प्रव्रज्या (अल्पकालीन भिक्षु) ग्रहण गरी व्यवहारमै बुझ्नु अत्यन्तै सकरात्मक रहेको उनको भनाइ छ ।

कार्यक्रममा अखिल नेपाल भिक्षु संघका महास्थविर शोभनले भिक्षु संघको निर्देशनअनुसार प्रवज्या ग्रहणका लागि देशभरिबाट सहभागी भएकाहरुलाई स्वागत गर्दै बुद्ध शिक्षालाई नजिकबाट चिन्ने र व्यवहारमा अगाल्न आग्रह गरे । बुद्धजन्मस्थल लुम्बिनीमा कोभिड महामारीपछि एकैदिन प्रवज्या (अल्पकालीन भिक्षु) कार्यक्रम पहिलो पटक भएको लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले बताए । उनले एकै दिन ५ सय जना अल्पकालिन भिक्षु हुने कार्यक्रमले बुद्ध शिक्षाको प्रवर्द्धन र लुम्बिनीको महत्वलाई थप उजागर गर्ने बताए । कोभिडअघि सन् २०११ मा एक हजार, २०१५ मा एक हजार ११२ जना र सन् २०१९ मा एक हजार ११९ जनालाई प्रव्रज्या गराइएको कार्यक्रम निर्देशक एवं कोषका कार्यकारिणी सदस्य राजेश शाक्यले बताए ।

कोभिडका कारण अहिले संख्या घटाएर ५ सय गराइएको र आगामी दिनमा एकै दिन १० हजारलाई प्रवज्या गराइने योजना रहेको शाक्यले बताए । प्रवज्या कार्यक्रममा लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्धिचरण भट्टराई, कार्यकारिणी सदस्यहरु विश्वराज पौडेल, नेत्रबहादुर शाही, थाई विहारका प्रमुख भिक्षु सोबोध भिक्षुलगायतको उपस्थिति थियो । प्रव्रज्यामा नेपालका २० बढी जिल्लाबाट सहभागिता छ । चैत १७ गते अल्पकालीन भिक्षुहरुको समय सकिनेछ ।

राम जानकी मन्दिरको अध्यक्षमा चन्द्रभुवन

भैरहवा, चैत २ (मेसस) । राम जानकी आध्यात्मिक मन्दिर समिति गैडहवा गाउँपालिका वडा नम्बर ५ विष्णुपुरा, गिदहिया, रुपन्देहीको चौंथो अधिवेशन बुधबार सम्पन्न भएको छ । मन्दिर परिसरमा सम्पन्न अधिवेशनले पुनः चन्दभुवन नाऊको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ ।

समितिको उपाध्यक्षमा छेदी अहिर, सचिवमा सन्तुप्रसाद धवल र कोषाध्यक्षमा जयप्रकाश उपाध्याय निर्वाचित भएका छन् । त्यस्तै सदस्यहरुमा भुवाल तेली, राधेश्याम यादव, रामसेवक चौधरी, रामदयाल गुप्ता, शिवनाथ कलवार, ओम प्रकाश दुवे र पदेन सदस्यमा गैडहवा-५ का वडाअध्यक्ष विजयकुमार शर्मा रहेका छन् । त्यस्तै सल्लाहकारमा राजकुमार गुप्ता, कृष्ण शंकरप्रसाद गुप्ता, पशुपति यादव, सुनिलकुमार कुर्मी, रामलखन कुर्मी र काशी केवट रहेका छन् ।

अध्यक्षता, गैडहवा गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडेलको प्रमुख आतिथ्यता, गैडहवा-५ का वडाअध्यक्ष विजयकुमार शर्माको विशिष्ट आतिथ्यता, गैडहवा-५ का निवर्तमान वडाअध्यक्ष कृष्णशंकरप्रसाद गुप्ता, मन्दिर समितिका आजीवन सदस्यहरु राजकुमार गुप्ता, रामदयाल गुप्ता, योगेन्द्र धवल, सुनिता गुप्ता, पुनिता गुप्तालगायतको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको सञ्चालन मन्दिर समितिका सचिव सन्तुप्रसाद धवलले गरेका थिए ।

वि.सं. २०३१ सालमा स्थापना भएको राम जानकी आध्यात्मिक मन्दिरलाई धार्मिक पर्यटन क्षेत्रको रुपमा विकास गर्न समितिले सक्दो प्रयास गरिरहेको पनि सदस्य राम दयाल गुप्ताले बताए । उनले भने, 'रामजानकी मन्दिर आस्था र विश्वासको धरोहर हो ।'

सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको शैक्षिक अवलोकन भ्रमण

बुटवल, चैत २ । बुटवल उपमहानगरपालिकाको आयोजनामा सामुदायिक विद्यालयका प्रध्यानाध्यापक शिक्षक तथा कर्मचारीहरुको शैक्षिक अवलोकन भ्रमण सम्पन्न भएको छ । सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु क्रियाशिल पेशागत संगठनका प्रमुख तथा पदाधिकारी विद्यालय कर्मचारी, बालविकास केन्द्र र सामुदायिक अध्ययन केन्द्रका गरेर ४१ जनाको प्रतिनिधि मण्डलले फागुन २६ देखि ३० सम्म पाँच दिन भ्रमण गरेको हो ।

लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशका नमुना सामुदायिक विद्यालय, माध्यमिक विद्यालय र आवासीय विद्यालय गरी ५ वटा सामुदायिक र एक निजि विद्यालय गरी ६ वटा विद्यालयहरुको अवलोकन गरी विद्यालयमा भएका असल अभ्यासहरू आदानप्रदान गरेको छ । जसको लागि बुटवल उपमहानगरले आ.व. २०७९/८० मा ४ लाख बजेट विनियोजन गरेको थियो ।

उक्त टोलीले दाङको लमही-६ स्थित गोर्खा मोडल माध्यमिक विद्यालय, डडेल्धुराको अमरगढी-५ खलंगास्थित महेन्द्र माध्यमिक विद्यालय, दिपायलको पदम पब्लिक मुक्ति नारायण मा.वि., कैलालीको अत्तरियास्थित दुर्गा लक्ष्मी नमुना मा.वि., बर्दियाको मधुवन, ढोढरीस्थित नेपाल राष्ट्रिय नमुना मा.वि. र बाँकेको खजुरा-३ स्थित ज्ञानोदय नमुना माध्यमिक विद्यालयको भ्रमण गरेको हो ।

भ्रमण व्यवस्थापन समितिका संयोजक नेपाल शिक्षक महासंघ बुटवलका अध्यक्ष एवं ज्ञानोदय मा.वि.का प्रधानाध्यापक टिकराम शर्मा पौडेलले भ्रमणको नेतृत्व गरेका थिए । उक्त अवसरमा नेपाल राष्ट्रिय शिक्षक संगठन रुपन्देहीका अध्यक्ष धनिश्वर गौतम, भ्रमण व्यवस्थापन समितिका सदस्यहरु लक्ष्मण मरासिनी, प्रेम बहादुर बस्नेत, दिनानाथ गिरी र विष्णु गौतम घिमिरे रहेका थिए । ६ वटै विद्यालयमा समन्वय तथा कार्यक्रमको सहजीकरण टिकाराम शर्मा पौडेल र नवीन औद्योगिक कदर बहादुर रीता मा.वि. प्रधानाध्यापक प्रेम बहादुर बस्नेतले गरेका थिए । कार्यक्रमको प्रत्यक्ष प्रशारण दिलिप बेल्बासेले गरेका थिए ।

अवलोकन भ्रमणमा जनता मा.वि. प्र.अ. आशा बस्नेत थापा र तिलोत्तमा मा.वि. प्र.अ.ईश्वरी प्रसाद रेग्मी लगायतले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । बुटवल उपमहानगरपालिकामा नेपालमा सबै भन्दा बढी विद्यार्थी, भएको पहिलो, तेस्रो र चौथो बढी संख्या भएका विद्यालयहरु बुटवलमा नै रहेका छन् ।

उपराष्ट्रपतिका ...

निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको कुनै व्यक्ति उपराष्ट्रपतिको पदमा निर्वाचित भएमा निजको त्यस्तो पद स्वतःरिक्त हुने संवैधानिक प्रावधान छ । उपराष्ट्रपतिको पदावधि पाँच वर्षको हुनेछ । नेपालको संवैधानिक प्रावधानअनुसार उपराष्ट्रपतिको तेस्रो निर्वाचन हुन लागेको हो । मुलुक संघीय लोकतान्त्रिक शासन व्यवस्थामा प्रवेश गरेपछि पहिलो उपराष्ट्रपतिको निर्वाचन भएको थियो । पहिलो उपराष्ट्रपतिमा परमानन्द झा निर्वाचित भएका थिए । दोस्रो निर्वाचनबाट उपराष्ट्रपतिमा नन्दबहादुर पुन निर्वाचित भएका थिए ।

हार्दिक बधाई तथा शुभकामना

यस विद्यालयका विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष श्री दिपक क्षेत्री न्यौपानेज्यू नेपाल रेडक्रस सोसाइटी रुपन्देहीको हालै सम्पन्न ४७ औं जिल्ला सभाको अधिवेशनबाट अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल एवं सिर्जनशील कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।



दिपक क्षेत्री न्यौपाने

उदय कुमार मल्लिक
प्राचार्य (एवं)
सि.वि. पब्लिक हाई स्कूल परिवार
सिद्धार्थनगर, भैरहवा, फोनः ०७१-५७३६७८, ५७५९५८

डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउमा नराखौं ।
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं ।
- हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका वस्ती समेत उजाड हुन सक्छन् ।
- जन, धन र वनको संरक्षण गरौं ।
- सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल

कर्मचारी आवश्यकता

सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीको लागि कार्यकारी सचिव पदको खुला प्रतिस्पर्धाबाट पदपूर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ ।

- पदः कार्यकारी सचिव
- योग्यताः स्नातकोत्तर वा सो सरह ।
- अधिकृतस्तरको कार्य अनुभव भएको ।
- सूचना निमार्ण, प्रतिवेदन लेखन बिषयमा ज्ञान भएको ।
- कम्प्यूटर सम्बन्धि अंग्रजी र नेपालीमा पूर्ण ज्ञान भएको ।
- अग्रेंजी भाषामा दख्खल भएको ।
- दरखास्त २०७९।१२।१० गतेसम्म बुझाउन सकिने छ ।

सम्पर्कः
सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देही सचिवालय
फोन नं. ०७१-५७०१५६

ट्वाइलेट सफा गराउनुहोस्

के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइनेछ ।

तिनाउ सेनेटरी
ट्र्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।
बुटवल-१०, सुख्खानगर, रुपन्देही
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस् ।

पाल्पाली मगर सेनेटरी
बुटवल-१७, मोतीपुर, रुपन्देही
फोनः ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

ट्वाइलेट सफा गराउनु परेमा

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

बुटवल सेनेटरी प्रा.लि.
फोनः ९७४५४०५९७३, ९८०७४०९८५२

गगन सेनेटरी, फोनः ९८६७०२१६१४, ९८१५४४७६४८

गगन सेनेटरी (२), फोनः९८०४४१३२८७, ९८१२९८६३१७

मनिषा सेनेटरी, फोनः ९८५११९७९६६

सर्वेस सेनेटरी,फोनः ९८४७०३९१४३, ९८५७०३४३८३

सिद्धबाबा सेनेटरी, फोनः ९८६४५७७२६२, ९८११९९६९३२

रियुस सेनेटरी, फोनः ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स फोनः ९८५७०५७०७०

मेचीकाली सन्देश प्रकाशन प्रा.लि. बुटवलद्वारा प्रकाशित मेचीकाली सन्देश राष्ट्रिय दैनिकका लागिः अध्यक्ष- होमराज बस्याल, प्रधान सम्पादक- बसन्तराज खनाल, कार्यकारी प्रमुख- विष्णु गैरे
प्रधान कार्यालयः बुटवल-५, मिलनचोक, रुपन्देही, फोनः ०७१-५३६००५, ५३१५२१ (प्रशासन/विज्ञापन), ५५४०८८ (सम्पादन), Email:mechikalidaily@gmail.com (News), mechikaliadd@gmail.com (Advt.) Website: www.mechikalinews.com,मुख्य शाखा कार्यालयः भैरहवा फोनः ०७१-५७६१३६